# ट्रष्ट रिसिप्ट

श्री माछापुच्छ्रे बैंक लिमिटेड
............................, कार्यालय
............................................ ।
महोदय,

म/हामीमाथि ................................................ ले मिति ..........................मा जारी गरेको र म/हामीलाई स्विकार्य भएको रु. ........................ (अक्षरेपि ...........................................) बराबरको विनियम अधिकारपत्र छुटाउनको लागि रु. ........................ (अक्षरेपि ............................................) ट्रष्ट रिसिप्ट ऋणकर्जा/बैंकिङ्ग सुविधा उपलब्ध गराई पाउन त्यस बैंक समक्ष अनुरोध गर्दछु/गर्दछौं । उक्त ऋण कर्जाको धितोको रुपमा विल अफ लेडिङ नं. ................................. संग संलग्न विजक (Invoice) मा उल्लेख भएको वस्तुहरुसंग सम्बन्धित कागजपत्रहरु (Shipping Documents) उपर तपाईको लियन हुने कुरा स्वीकार गर्दछु/गर्दछौं ।

साथै, उल्लिखित ऋणको सुरक्षणको रुपमा तपाईसंग रहने यस लिखतका पुछारमा उल्लेख भएका वस्तुहरुसंग सम्बन्धित उक्त विल अफ लेडिङ्ग अन्तर्गतका कागजपत्रहरु (Shipping Documents) म/हामीलाई हस्तान्तरण गर्न पनि अनुरोध गर्नु पर्नेछ । यस वापत म/हामी तपाई बैंकको ट्रष्टीको रुपमा उक्त वस्तुहरु राख्ने, स्टोर गर्ने तथा उक्त वस्तुहरु कब्जामा लिनेछौं र उक्त कारोबारलाई मेरा/हाम्रा अन्य कारोबारबाट अलग्गै वा छुट्टै राख्नेछौ । उक्त वस्तुको सम्पूर्ण वा त्यसको कुनै भाग बिक्री गरे वापत प्राप्त भएको सम्पूर्ण रकम वा उक्त वस्तु वापत प्राप्त भएको सम्पूर्ण रकम तपाई बैंकको ट्रष्टीको रुपमा प्राप्त गर्ने छु/छौं र यसरी प्राप्त भएको रकम तत्कालै तपाई बैकलाई बुझाउने छौं । तपाई बैंकले उक्त रकम जम्मा गर्नका लागि कुनै बैंक खाता तोकिदिनु भएको अवस्थामा उक्त रकम तत्काल त्यस्तो खातामा जम्मा गर्न मेरो/हाम्रो मञ्जुरी छ ।

उक्त वस्तुको कुनै पनि भाग वा अंश उधारोमा बिक्री नगरी केवल नगदमा मात्र बिक्री गर्नेछौं । तपाई बैकले माग गर्नासाथ बिक्री गर्न बाँकी रहेको वा म/हाम्रो कब्जामा रहेको तपाई बैक सन्तुष्ट हुने मुल्य सम्मको उक्त वस्तु वा उक्त वस्तुसंग सम्बन्धित कागजात तपाईं बैक समक्ष पेश गर्न मेरो/हाम्रो मञ्जुरी छ ।

उल्लिखित प्रयोजनको लागि तपाई बैंक वा तपाई बैंकबाट लिखितरुपमा अख्तियारप्राप्त जुनसुकै व्यक्तिलाई मेरो/हाम्रो गोदाममा प्रवेश गर्ने तथा उक्त वस्तुहरु आफ्नो कब्जामा लिने पूर्ण अधिकार यसै लिखतबाट दिएका छौं ।

उक्त वस्तु उपर रहेको उक्त वस्तुको अधिकत्तम हदसम्मको अग्नि, बाढी, चोरी, हुलदंगा तथा द्वेषपूर्ण हानी नोक्सानीको जोखिमको बीमा गर्न वा गराउन म/हामी मञ्जुर गर्दछु/गर्दछौं । उक्त बीमा वापत बीमकबाट प्राप्त हुने जुनसुकै रकम तत्काल तपाई बैकमा बुझाउन पनि म/हामी मञ्जुर गर्दछौं । साथै उक्त बीमाको बीमालेख तथा बीमकबाट प्राप्त रकम तपाईको ट्रष्टीको रुपमा सुरक्षित राख्न तथा बुझिलिन समेत म/हामी मञ्जुर गर्दछौं । साथै तपाई बैकले माग गर्नासाथ तत्कालै उक्त बीमाको बीमालेख तपाई बैंक समक्ष पेश गर्न मेरो/हाम्रो मञ्जुरी छ ।

यस लिखतमा उल्लेखित वस्तुहरु तथा यस सम्बन्धमा समय/समयमा भुक्तान हुन बाँकी रकमहरुलाई म/हामीले यस्तै प्रकारका अन्य लिखतसंग सम्बन्धित वस्तु वा रकम लगायत अन्य जुनसुकै प्रकारका वस्तु तथा रकमबाट अलग राख्ने छु/छौं । तपाईले म/हामीलाई उपलब्ध गराउनु भएको उक्त ऋणकर्जा/बैंकिङ्ग सुविधा वापत यस लिखतमा उल्लेखित वस्तु यस्तै प्रकारका अन्य लिखत अन्तर्गतका वस्तुमा मिसाउने छैन र तपाई बैंकले म/हामीलाई उपलब्ध गराएको कर्जा रकम त्यस्ता अन्य वस्तुहरु सम्बन्धित सामान्य कर्जा रकम मानिने छैन ।

यस लिखतको कुनै सर्त उल्लंघन भएको अवस्थामा तपाई बैंकले जुनसुकै बखत म/हामीलाई पूर्व सूचना नदिईकन उक्त वस्तु जहाँसुकै रहेको भएपनि त्यस्तो वस्तु पूर्ण वा आंशिक रुपमा आफ्नो कब्जामा लिने अधिकार तपाई बैकलाई हुनेछ । यस्तो अवस्थामा तपाईं बैंकलाई प्राप्त अन्य अधिकारमा कुनै असर नपर्ने गरी उक्त वस्तु बिक्री गर्ने अधिकार पनि तपाई बैंकलाई हुनेछ । यस लिखतमा उल्लेखित वस्तु बिक्री गर्दा तपाई बैकको साँवा, ब्याज तथा यस सम्बन्धमा भएको खर्च रकम असुल उपर नभएमा नपुग रकम तपाईंले माग गर्नासाथ तुरुन्त तपाई बैकलाई भुक्तान गर्नेछु/छौं । कथंकदाचित उक्त रकम भुक्तान गर्न नसकेमा उक्त रकम असुल उपरका लागि तपाईले उपयुक्त ठहऱ्याएको जुनसुकै कानुनी कारवाही सुरु गरेमा मेरो/हाम्रो मञ्जुरी छ ।

तपाईं बैंकले उक्त रकमको जहिलेसुकै भुक्तानी माग गर्ने अधिकारमा कुनै असर नपर्ने गरी तपाई बैंकले केवल मेरो/हाम्रो सुविधाको खातिर यस लिखतको अनुसुचीमा उल्लिखित भुक्तानीको तालिकासम्म ब्याज तथा खर्च रकम सहितको अग्रिम भुक्तानी गर्ने समय उपलब्ध गराएको कुरालाई म/हामी मञ्जुर गर्दछौं । तपाई बैंकले चाहेको जुनसुकै समयमा तपाई बैंकलाई उक्त साँवा, ब्याज, शुल्क लगायतको रकमको भुक्तानी माग गर्ने अधिकार हुनेछ र तपाईं बैकबाट यसरी रकमको माग हुनासाथ तत्कालै त्यस्तो रकम भुक्तानी गर्न मेरो/हाम्रो पूर्ण मञ्जुरी छ ।

**<u>माथि उल्लेख भएबमोजिम वस्तुको विववरण</u>**

| एल.सी. नं | विल नं. | विल जारी गर्ने | मुल्य | क्यारियरको नाम | वस्तुको संक्षिप्त विवरण तथा मार्क र नम्बर | भाखा |
|---|---|---|---|---|---|---|
| | | | | | | |

ऋणी/ऋणीको तर्फबाट अधिकार प्राप्त प्रतिनिधि

सही : ...............................

नाम : .......................................

दर्जा : .......................................

ईति सम्बत् २०६ ... साल .................. महिना ....... गते रोज .... शुभम् .............................................